## आकाशवाणी समाचार- नेपाली

मितिः २४ जून २०२५

समयः १८:५० - १९:०० बजे (*अवधिः १० मिनट*)

**मुख्य समाचार**

- प्रधानमंत्री नरेन्द्र मोदीले भन्नुभएको छ भारतको खाद्य प्रसंस्करण क्षेत्रले गतिशील दृष्टिकोण द्वारा ग्रामीण उद्यमीहरुलाई सशक्त बनाएको छ।

- प्रधानमन्त्रीले आतंकवादीहरूका लागि कुनै पनि सुरक्षित आश्रय स्थल नरहेको भन्नुभएको छ।

- अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले भन्नुभएको छ इजरायल र ईरान बीच युद्ध विराम लागू नै रहनेछ। इजरायल रक्षा बलले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका युद्धविराम बापत इरानले मिसाइल हमला गरेको दाबी गरेको छ।

- अपरेशन सिन्धु अन्तर्गत आज ईरानबाट तीन श्रीलंकाकाका तथा दुई नेपाली नागरिकहरु सहित कुल 286 जना दिल्ली आईपुगे।

- लीड्समा जारी पहिलो टेस्ट मैचको अंतिम दिन इंग्लैंडले 364 रनको लक्ष्यलाई पछयाउँदै 181 रन बनाएको छ।

**प्रधानमन्त्री-खाद्य प्रसंस्करण**

प्रधानमन्त्री नरेन्द्र मोदीले भारतको खाद्य प्रसंस्करण क्षेत्रमा विगत केही वर्षमा उल्लेखनीय परिवर्तन आएको बताउनुभएको छ। यसले ग्रामीण उद्यमीहरूलाई सशक्त बनाउनमा उल्लेखनीय भूमिका खेलेको छ। खाद्य प्रसंस्करण उद्योग मन्त्री चिराग पासवान द्वारा एक दैनिक समाचार पत्रमा प्रकाशित लेखमाथि प्रतिक्रिया व्यक्त गर्नुहुँदै श्री मोदीले यस्तो बताउनु भएको हो। यस लेखमा खाद्य प्रसंस्करण क्षेत्रमा भारतको उल्लेखनीय सफलताको पुष्टि गरिएको छ।यस लेखमा खाद्य प्रसंस्करण उद्योग मन्त्रीले प्रधानमन्त्री नरेन्द्र मोदीको नेतृत्वमा भारतमा ठुलो परिवर्तन बताउनु भएको छ। लेखमा खाद्य प्रसंस्करण क्षेत्रमा अत्यन्तै अधिक समावेशी विकास भएको, विशेषगरी कृषि औद्योगिक क्षेत्रमा उल्लेखनीय रहेको पनि बताउनु भएको छ। वैश्विक स्तरमा पनि यसको सराहना भएको छ।

**प्रधानमंत्री - शताब्दी समारोह**

प्रधानमन्त्री नरेन्द्र मोदीले भन्नुभएको छ अपरेशन सिन्दूरको माध्यमले भारतले देशका मानिसहरुको रगत बगाउने आतंकवादीहरूका लागि कुनै पनि ठाउँ सुरक्षित छैन भन्ने प्रमाणित गरेको छ। उहाँले भन्नुभयो विश्वले हालै भारतको शक्ति देखेको छ र यो अपरेशनले विश्वव्यापी मञ्चमा आतंकवाद विरुद्ध देशको दृढ र अटल नीतिलाई स्पष्ट रूपमा प्रदर्शन गरेको छ। श्री मोदीले नयाँ दिल्लीमा आयोजित भारतका दुई महान आध्यात्मिक र नैतिक व्यक्तित्वहरू - श्री नारायण गुरु र महात्मा गान्धी बीचको ऐतिहासिक संवादको शताब्दी समारोहमा यो कुरा बताउनु भयो।आजको भारतले राष्ट्रिय हितमा मात्र सही निर्णय लिने कुरामा जोड दिँदै प्रधानमन्त्रीले सैन्य आवश्यकताका लागि भारतको विदेशी देशहरूमाथिको निर्भरता लगातार घट्दै गएको कुरामा जोड दिनु भयो। उहाँले आगामी समयमा भारतमा बनेका हतियारहरूले वैश्विक मान्यता र प्रशंसा पाउने विश्वास पनि व्यक्त गर्नुभयो।श्री मोदीले

राष्ट्रको आकांक्षा पूरा गर्न श्रीनारायण गुरुको शिक्षा प्रत्येक नागरिक सम्म पुर्याउनु आवश्यक छ भन्ने कुरामा जोड दिनु भयो। उहाँले भन्नुभयो सरकारले यस दिशामा सक्रिय रूपमा काम गरिरहेको छ।

## सरकार- फसलवार अभियान

सरकारले फसलको उत्पादन बढाउनका निम्ति बिहीबारदेखि फसल-वार अभियान शुरू गर्नेछ। आज नयाँ दिल्लीमा कृषि एवं किसान कल्याण मन्त्री शिवराज सिंह चौहानले यो अभियान मध्य प्रदेशको इन्दौरमा सोयाबीनबाट शुरू हुने बताउनुभएको छ। उहाँले अभियानको क्रममा किसान, वैज्ञानिक अनि सम्बन्धित पक्ष एक-साथ बसेर सोयाबीनको उत्पादन बढाउनको निम्ति विचार-विमर्श गर्ने बताउनु भएको छ। श्री चौहानले भन्नुभयो सोयाबीनपछि कपास, उँखु अनि तिलको फसलको उत्पादन वृद्धिबारे बैठक हुनेछ।

## संविधान हत्या दिवस

संविधान हत्या दिवस भोली मनाईने छ। यो दिवस 25 जुन १९७५ मा संविधानलाई कुल्चिएका घटनाहरूको स्मरण गराउँदछ। यस दिन आपतकालका कारण बर्बरता भोगेका मानिसहरुलाई श्रद्धाञ्जली अर्पण गरिन्छ।

## भारी उद्योग - इलैक्ट्रिक वाहन

सरकारले देशमा इलैक्ट्रिक यात्री गाड़ीहरुको निर्माणलाई प्रोत्साहन दिने संबंधी योजना अन्तर्गत वैश्विक कम्पनीहरूबाट आवेदन आमन्त्रित गर्न एक पोर्टल सुरु गरेको छ। आवेदन पोर्टल यस वर्ष 21 अक्टोबरसम्म आवेदकहरूको लागि खुला रहनेछ। आज नयाँ दिल्लीमा पोर्टलको शुभारंभ गर्दै, केन्द्रीय भारी उद्योग मन्त्री एच.डी. कुमारस्वामीले भन्नुभयो यो पहलले देशलाई स्वच्छ, आत्मनिर्भर र भविष्यका वाहनहरू निर्माण गर्न अग्रसर गर्नेछ।

## मनसुख- ईपीएफओ

कर्मचारी भविष्य निधि संगठन- ईपीएफओले अग्रिम दावाको निम्ति स्वचालित भुक्तानी रकमको सीमालाई एक लाखबाट बढाएर पाँच लाख रूपया गर्ने फैसला गरेको छ। यस राशि लाभार्थीहरूलाई 72 घण्टा भित्र उपलब्ध गराइने छ।केन्द्रीय श्रम एवं रोजगार मन्त्री मनसुख माण्डवियाले एक सोशल मीडिया पोस्टमा यसको जानकारी दिनुहुँदै भन्नुभयो यस कदम जनसाधारणको हितमा छ। उहाँले पछिल्लो वित्त वर्षमा दुई करोड 32 लाख स्वचालित भुक्तानी गरिएको थियो भने 2023-24 मा मात्र 89 लाख दाबी भुक्तानी गरिएको थियो।

## संशो० ईरान-इस्रायल

अमेरिकाका राष्ट्रपति डोनाल्ड ट्रम्पले सोशल मीडियामा एक ताजा पोस्टमा जोड दिँदै भन्नुभएको छ इजरायल र इरानबीचको युद्धविराम लागू भएको छ। उहाँले भन्नुभयो इजरायलले इरानमाथि हमला गर्नेछैन र उसका सबै विमानहरू स्वदेश फर्कनेछन्। उहाँले इरानप्रति मैत्रीपूर्ण व्यवहार बढाउने बारे कुरा गर्नुभयो। श्री ट्रम्पले यो पनि भन्नुभयो युद्धविराम लागू हुँदा कसैलाई पनि हानि हुनेछैन। यसअघि उहाँले इजरायल र इरान दुवैले युद्धविराम उल्लंघन गरेको बताउनु भएको थियो।

इजरायल रक्षा बल -IDF ले अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले घोषणा गरेका युद्धविराम बापत इरानले मिसाइल प्रहार गरेको दाबी गरेको छ। IDF ले इरानबाट मिसाइलको नयाँ प्रक्षेपणको पत्तो लगाएको छ र उत्तरी इजरायलमा साइरन बजेको बताएको छ। इजरायलले इरानसित द्विपक्षीय युद्धविराममा सहमति जनाएको केही समयपछि मिसाइल हमला भएको हो। इस्रायली मीडिया अवनुसार इजरायलका रक्षामन्त्री कैट्जले अमेरिका र कतरको मध्यस्थतामा भएको युद्धविराम उल्लङ्घन गरेको इरानको आरोप लगाएपछि राजधानी तेहरानमा तीव्र हमलाको आदेश दिनु भएको छ।यसैबीच, इरानको सशस्त्र बलका जनरल स्टाफले राज्य मीडिया

द्वारा प्रसारित गरेको संक्षिप्त बयानमा विगत केही घण्टामा इजरायलमा मिसाइल प्रहार गरेको इजरायलको दाबीलाई अस्वीकार गरेको छ।

## अपरेशन सिन्धु

पश्चिम एसियाका संघर्ष प्रभावित क्षेत्रहरूमा बढ्दो तनावपछि सुरु गरिएको अपरेशन सिन्धु अन्तर्गत आज अपरान्ह ईरानबाट तीन श्रीलंकाकाका तथा दुई नेपाली नागरिकहरु सहित कुल 286 जना दिल्ली आईपुगे। केंद्रीय विदेश राज्य मंत्री पाबित्रा मार्गेरिटाले भन्नुभयो केन्द्र सरकार ईरान र इजराइलमा भारतीय नागरिकहरुका साथ लगातार सम्पर्कमा छ र दुवै देशमा भारतीय नागरिकहरुलाई हरसंभव सहायता र समर्थन प्रदान गर्नका लागि प्रतिबद्ध छ।उहाँले भन्नुभयो यो इरानबाट आउने 11 औं समूह हो र अहिलेसम्म दुई हजार 5सय 80 भारत आएका छन्। उहाँले यो पनि जानकारी दिनु भयो इजरायलबाट तीन उडानहरू मार्फत 594 भारतीयहरूका साथै छिमेकी देशका छ नागरिकहरुलाई ल्याइएको छ।वायुसेनाले भारतीय नागरिकहरु र मित्र देशहरुका नागरीकहरुलाई निकाल्नका लागि जॉर्डन र मिस्र देखि पनि  मिशन शुरू गरेको छ।

## टेस्ट क्रिकेट

लीड्समा भारत र इंग्लैंड बीच पहिलो टेस्ट मैचको अंतिम दिनको खेलमा  इंग्लैंडले 371 रनको लक्ष्यलाई खेदो गर्दै समाचार लेखुन्जेल बिना कुनै        विकेट 181 रन बनाएको छ।  इंग्लैंडको पक्षमा बेन डकेटले 105 अनि जाक क्रउलीले 59 रन बनाएर खेलिरहेका छन्| इंग्लैंडलाई अझ १९० रन को आवश्यकता छ|यस अघि, भारतले दोस्रो पारीमा 364 रन बनाएको थियो। केएल राहुलले 137 रन अनि ऋषभ पंतले 118 रन बनाए। इंग्लैंडको पक्षमा जोश टंग र ब्रायडन कार्सले तीन-तीन विकेट लिए।

****** ० ******